# लिसंखु पाखर गाउँपालिकाको

## विनियोजन विधेयक २०८३

**लिसंखु पाखर गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागी स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,**

**प्रस्तावना :**

लिसंखु पाखर गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन वा सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी लिसंखु पाखर गाउँसभाले यो ऐन सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न सम्बन्धी यो ऐन बनाई लागु गरेको छ।

### १. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो ऐनको नाम "लिसंखु पाखर गाउँपालिकाको विनियोजन ऐन २०८३" रहेको छ।

(२) यो ऐन गाउँ सभाबाट पारित भएको मिति देखी लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले लिसंखु पाखरगाउँपालिकाको संशोधित विनियोजन ऐन २०८३ सम्झनुपर्दछ।

(ख) "कार्यपालिका" भन्नाले लिसंखु पाखर गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ।

(ग) "गाउँपालिका" भन्नाले लिसंखु पाखर गाउँपालिका सम्झनुपर्दछ।

(घ) "सभा" भन्नाले लिसंखु पाखर गाउँ सभा सम्झनुपर्दछ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्दछ।

(च) "संचित कोष" भन्नाले लिसंखु पाखर गाउँपालिकाको संचित कोष सम्झनु पर्दछ।

(छ) "विनियोजन" भन्नाले सभा द्वारा विभिन्न कार्यहरुको लागि विभिन्न शिर्षकमा खर्च गर्न विनियोजन भएको भएको रकम सम्झनु पर्दछ।

## ३. आर्थिक वर्ष २०८३/८४ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार :

आर्थिक वर्ष २०८३/८४ को निमित्त गाउँपालिकाको कार्यालय, वडा समिति तथा विषयगत शाखाले गर्ने सेवा कार्यहरुको निमित्त अनुसुची-१ मा उल्लेखित चालु खर्च र पुँजीगत खर्च रकम समेत गरी जम्मा रकम रु. ५० करोड ५८ लाख ९ हजार मात्र नबढाइ निर्दिष्ट गरिए बमोजिम खर्च गर्न सकिनेछ।

## ४. विनियोजन:

(१) यस ऐन द्वारा संचित कोषबाट खर्च गर्ने अधिकार दिईएको रकम आर्थिक वर्ष २०८३/८४ को निमित्त लिसंखु पाखर गाउँपालिकाको कार्यालय, वडा समिति तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि कार्यपालिका, वडा समिति तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकम रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च गर्न सकिनेछ। पुँजीगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजन रकम साँवा र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृत वा अनुमोदन लिनु पर्नेछ।

(४) यस ऐन बमोजिमका कार्यक्रमका शिर्षकमा विनियोजित रकम खर्च नहुने अवस्थामा सो को कारण र आधार खोली त्यस्तो कारण र आधार समेतलाई आधार मानी कार्यपालिकाले खर्च हुने अर्को शिर्षकमा त्यस्तो रकम रकमान्तर गर्न सक्नेछ तर रकमान्तर गर्ने त्यस्तो निर्णयलाई सभाबाट अनुमोदन गर्ने पर्नेछ।

(५) सभाद्वारा स्वीकृत कार्यक्रम मध्ये कुनै कार्यक्रम चैत्र मसान्तसम्ममा संचालन हुन नसक्ने भनी कार्यपालिकामा सर्वसम्मत निर्णय भएमा यस्तो स्वीकृत कार्यक्रममा विनियोजित रकम अर्को स्वीकृत कार्यक्रमको शिर्षकमा रकमान्तर गरी खर्च गर्न सक्नेछ।

(६) कार्यपालिकाले योजना तथा कार्यक्रम संशोधन गर्नुपरेमा सम्पुर्ण योजना संख्याको १० प्रतिशतमा नबढ्ने गरी २०८३ चैत्र मसान्तसम्ममा संशोधन गर्ने निर्णय गर्न सक्नेछ।

**(७) समपुरक कोषमा विनियोजित रकम संघ र प्रदेश सरकारबाट समपुरक अनुदान कुनै किसिमले प्राप्त हुन नसकेमा पनि सभाले स्वीकृत गरेको कार्यक्रममा खर्च गर्न कुनै बाधा पर्ने छैन।**

**५. कार्यविधि बनाई लागु गर्न सक्ने : यस ऐन कार्यान्वयनको लागि कार्यपालिकाबाट आवश्यक कार्यविधि वा मापदण्ड स्वीकृत गरी लागु गर्न सक्नेछ।**

## ६. खारेजी र बचाउ :

**(१) यो ऐन पारित भई लागु भए पछि विनियोजन ऐन, २०८२ खारेज हुनेछ।**

**(२) विनियोजन ऐन, २०८२ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।**

**अनुसुची-१**

**(दफा ३ सँग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

| आव २०८३/०८४ | | | | | | |
|---|---|---|---|---|---|---|
| शिर्षक | आव २०८१/८२ को यथार्थ | आव २०८२/८३ को सशोधित अनुमान | आव २०८३/८४ को अनुमान | श्रोत | | |
| | | | | आन्तरिक | नेपाल सरकार | प्रदेश सरकार |
| व्यय | ४३४३३७३४३.१३ | ३५०९५५३१७.९४ | ५०५८०९०००. | ५६३३००००. | ३६७२३७०००. | ८२२४२०००. |
| चालु | २४४४१६२९३.१ | १९३०२५४१४.८६ | २५५०३००००. | २८३९५९५३. | १८५१२४१७१.७ | ४१४५८१९२.२ |
| पुजिगत | १८९९२१०५०.०३ | १५७९२९८९३.०७ | २५०७७९०००. | २७९३४०४७. | १८२११२८२८.३ | ४०७८३८०७.८ |